# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका वर्ष १६ पुष २०७५


# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको संरक्षणमा नेचर गाइड एसोसिएशनको योगदान


**निराजन तामाङ,**

*संयोजक, नेचर गाइड एसोसिएशन, नागार्जुन*


निकुञ्जको जैविक विविधताहरूको दीर्घकालीन संरक्षणमा निकुञ्ज प्रशासन एवं निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाको भूमिका मात्र प्रयाप्त हुँदैन, त्यसमा स्थानीय जनताहरू जो निकुञ्जबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित छन, उनीहरूको सहभागिता पनि त्यत्तिकै आवश्यक हुन्छ, अर्थात जनसहभागितामूलक संरक्षण नै अहिलेको आवश्यकता हो र यहिनै मध्यवती क्षेत्र (Buffer Zone) घोषणाको पनि प्रमुख ध्येय हो। तर शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा मध्यवर्ती क्षेत्र घोषणा नभएको अवस्थाका बावजूद पनि भने झैं प्रमुख संरक्षण अधिकृत कमल जँग कुवर स्थानीय जनताहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने







निधोमा पुग्नुभयो। फलस्वरूप स्थानीय युवाहरूलाई लक्षित गरी उनीहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले 'गाँउगाउँ बस्ती बस्तीमा पर्या-पर्यटन, घरघरमा राजगारी तथा आयआर्जन' भन्ने मूल नाराका साथ वि. सं. २०७२ साल पौष १८ देखि २८ गत सम्म १० दिने आधारभूत नेचर गाइड तालिम आयोजना गरियो, जसमा करिब ३५ जना स्थानीय युवाहरू सहभागी थिए र यस कार्यमा महत्त्वपूर्ण सहयोग नेपाल पन्छी संरक्षण संघले गरेको थियो। यो नै शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको हकमा निकुञ्जको संरक्षण प्रति स्थानीय जनताको सहभागिताको पहिलो पाइला थियो।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा विधिवत रूपमा वि. सं. २०७२ माघ महिनामा निकुञ्जको पानी मुहान तथा फुलबारीगेट, नागार्जुनमा नेचर गाइड एसोसिएशनको व्यवस्था भएपश्चात नेचर गाइडहरूद्वारा निकुञ्ज घुम्न आउँने पर्यटकहरूलाई गाइड सुविधा उपलब्ध गराइयो। निकुञ्ज प्रवेश गर्ने पर्यटकहरूलाई घुमाएर अर्थोपार्जन गर्ने उद्देश्य मात्र थिएन नेचर गाइडहरूको, पर्यटकहरूलाई निकुञ्जको जैविक विविधताबारे जानकारी दिने र सुरक्षित तवरले समयमा बाहिर निकाल्नुपर्ने पनि थियो, अर्थात पर्यटकहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउनु पनि नेचर गाइडहरूको प्रमुख दायित्व थियो। किनभने विभिन्न समयमा निकुञ्जमा पर्यटकहरू हराएका घटनाहरू पनि धेरै थिए, जसले गर्दा देश तथा विदेशमा निकुञ्ज प्रतिको सन्देश नराम्रो गएको थियो। अर्कोतर्फ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा धार्मिक सम्पदाहरू पनि प्रशस्तै छन। बागद्वार, विष्णुद्वार, तारकेश्वर, सुन्दरीमाई, आनीगुम्बा, जामाचो आदि क्षेत्रहरूमा धेरै नेपाली पर्यटकहरू घुम्न आउँछन र उनीहरूलाई त्यसबारे जानकारी दिनु पनि नेचर गाइडहरूको कार्य थियो। अतः निकुञ्जको जैविक विविधता एवं धार्मिक-साँस्कृतिक महत्त्वको बारेमा पनि पर्यटकहरूलाई जानकारी दिने काम नेचर गाइडहरूको थियो।

तर अफसोच कामको सिलसिलामा विशेष गरी नेपाली पर्यटकहरूलाई नेचर गाइडको व्यवस्थाको बारेमा बुझाउन धेरै गाह्रो पर्थ्यो किनभने उनीहरू शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज घुम्न जाने भनेको निकुञ्ज घुम्न जाने नभै घुमफिरको लागि मात्र जाने भन्ने बुझ्दथे र गाइडको महत्त्वबारे अनभिज्ञता प्रकट गर्दै गाइड नचाहिने कुरा गर्दथे, जसले एक किसिमको समस्या उत्पन्न गरेको थियो। त्यसकारण निकुञ्ज कार्यालय र नेचर गाइड एसोसिएशनको निर्णयले करिब एक महिना जति परिक्षणकाल तोकियो, जस अवधिभर नेचर गाइडहरूले गाइडको महत्त्वबारे पर्यटकहरूलाई बुझाउनुपर्ने भयो र सोहि अनुरूप गाइडहरूले पनि गाइड लिएर जाँदाको महत्त्वबारे बुझाउन थाल्यौं।

धेरै नेपाली पर्यटकहरू यस निकुञ्जमा हाइकिङ गर्न आउँछन, किनकी यो क्षेत्र राजधानीबाट नजिकको निकुञ्ज हो। अन्य ठाउँहरू हाइकिङ गरेझैं उनीहरू यसलाई पनि त्यही रूपमा ठान्दा रहेछन, अर्थात राष्ट्रिय निकुञ्ज (National Park) भन्दा मनोरञ्जन गर्ने ठाँउ (Recreational centre) को रूपमा लिँदा रहेछन। हाइकिङको रूपमा जथाभावी फोहर फाल्ने, जतापायो त्यतै जाने, होहल्ला गर्ने जस्ता कानूनवर्जित क्रियाकलापहरू बढी हुने गर्दथे। जथाभावी फोहर फाल्दा पानीका श्रोतहरू फोहर भई प्रदुषित हुने गर्छन, जसलाई हटाउनु अनिवार्य थियो, किनकी यो निकुञ्ज प्रमुख जलाधार क्षेत्र हो र काठमाण्डौ उपत्यकाको प्रमुख खानेपानीको श्रोतनै शिवपुरी हो। त्यसकारण निकुञ्जलाई निकुञ्जको रूपमा चिनाउनु र त्यहि अनुरूप यसको संरक्षणमा सहयोग गर्नु नेचर गाइड एसोसिएशनको पहिलो कर्तव्य थियो, जसलाई अङ्गिकार गर्दै निकुञ्ज कार्यालयसँग आवश्यक समन्वय गर्दै थप सरसफाई कार्यक्रमहरू आयोजना गरियो। पहिले पहिले त झन पिकनिक मनाउने प्रचलन पनि थियो निकुञ्जभित्र जसले गर्दा त्यहाँको वातावरण पूरै खल्बलिन्थ्यो, जुन कार्यलाई कमल जँग कुँवर निकुञ्जको प्रमुखको रूपमा आएपछि तत्काल बन्द गरियो, जुन एक सराहनीय कदम थियो।

विदेशी पर्यटकहरूको हकमा त्यति समस्या थिएन तर उनीहरूलाई लिएर आउने ट्रेकिङ गाइड लगायत अन्य गाइडहरूले नेचर गाइडको आवश्यक्ता नपर्ने धारणा राख्थे। गाइडहरू धेरै प्रकारका हुन्छन, कोही ट्रेकिङ, कोही सिटी, अनि कोही माउन्टेन। सबैको आ-आफ्नै क्षेत्र हुन्छ। हामी नेचर गाइड भएपनि चितवन राष्ट्रिय निकुञ्जको बारेमा ज्ञान हुँदैन त्यसैले हामी त्यहाँ जाँदा त्यहीं काम गर्ने नेचर गाइड चाहिन्छ। त्यस्तै हामी कुनै ठाउँमा ट्रेकिङ जाँदा सम्बन्धित ट्रेकिङ गाइड नै लिनुपर्ने हुन्छ। त्यस्तै शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज घुम्न आउँदा जो कोहिले यहीं कार्यरत नेचर गाइड लिएर जानुपर्ने हुन्छ। यही कुरालाई मध्यनजर गर्दै र थप पर्या-पर्यटन अभिबृद्धि गर्न निकुञ्ज कार्यालयद्वारा वि. सं. २०७२ फाल्गुन महिनामा ठमेल स्थित मर्स्याङदी होटलमा टान, हान लगायत अन्य विभिन्न पर्यटन सम्बद्ध संघ संस्थालाई आमन्त्रण गरी एक कार्यक्रम आयोजना गरिएको थियो।

यसरी करीब एक महिनाको परीक्षण कालमा नेचर गाइडहरूले विभिन्न आन्तरिक एवं बाह्य पर्यटकहरूका विभिन्न विचारहरू बुझ्ने मौका पायो साथ-साथै निकुञ्जमा पर्यटकहरू घुमाएर अर्थोपार्जन गर्ने उद्देश्य मात्र नभएर निकुञ्ज संरक्षणार्थ अन्य थप कार्यहरू गर्नुपर्ने दायित्वको आभास पनि भयो। यसैबिच वि. सं. २०७२ साल चैत्र ६ गते निकुञ्ज कार्यालयले नेचर गाइड एसोसिएशनसँग छलफल गरी नेचर गाइड अनिवार्य गरायो। नेचर गाइडहरूले आधारभूत तालिम मात्र प्राप्त गरेको थियो, त्यही भएर सबै कुरामा दख्खल थिएन। तैपनि कुनैकुनै बेला हुने कमिकमजोरीमा बावजूद पनि आफ्नो कार्य अनि उद्देश्यप्रति विचलित नभै अघि बढ्दै गयौं, सिक्दै गयौं

यसै क्रममा वि. सं. २०७२ चैत्र १५ गते नेपाल सरकारले शिवपुरी नागार्जुन


- सम्पादक — निरज दाहाल
- लेआउट — क्यालिग्राफिक डिजाइन स्टुडियो
- प्रकाशक — नेपाल पन्छी संरक्षण संघ







राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (Buffer Zone) घोषणा गऱ्यो, जसको श्रेय पनि प्रमुख संरक्षण अधिकृत कमल जँग कुँवरलाई नै जान्छ, किनकी वहाँको अग्रसरतामा नै यो सम्भव भएको थियो। यसको मुख्य अभिप्राय स्थानीय जनताहरूलाई पनि संरक्षणमा सहभागी बनाउनु र संरक्षणप्रति अपनत्व जगाउनु पनि हो। निकुञ्जले आम्दानी गरेको कुल रकमको ३०-५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रको जनताको सामुदायिक विकासमा खर्च गरिन्छ र उनीहरूले वर्षौं देखि प्रयोग गरिरहेको स्याउला-सोतर, घाँसदाउरा मध्यवर्ती क्षेत्रमा रहेका विभिन्न सामुदायिक वनहरूबाट उपयोग गर्ने व्यवस्था हुन्छ।

नेचर गाइड एसोसिएशनमा आबद्ध नेचर गाइडहरूले आयआर्जन गर्ने कुरा त प्राथमिकतामा छँदै थियो, अझ त्योभन्दा पनि धेरै महत्त्वपूर्ण कार्य त निकुञ्ज संरक्षण नै थियो। मध्यवर्ती क्षेत्र घोषणाले नेचर गाइड एसोसिएशनमा छुट्टै आशा जगाएको थियो, कि अब निकुञ्ज संरक्षणमा स्थानीय जनताको पनि बराबर सहभागिता हुनेछ। निकुञ्ज कार्यालयद्वारा स्थानीय विभिन्न ठाँउहरूमा आयोजना गरिएका मध्यवती क्षेत्र सम्बन्धी छलफलका साथै समूह तथा समितिहरू निर्माण गरेपस्चात ३१६ वटा उपभोक्ता समूह र ११ वटा उपभोक्ता समिति गठन भयो। तत्पस्चात मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति पनि गठन भयो। यसरी निकुञ्जको दीर्घकालीन संरक्षणमा मध्यवती क्षेत्ररूपी महत्त्वपूर्ण तेस्रो शक्तिपनि स्थापित भयो।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमा आ.व. २०७४/०७५ मा प्राप्त बजेटबाट निकुञ्ज कार्यालय द्वारा नेचर गाइडहरूको थप आवश्यकता बोध गरी वि.स. २०७४ असार ६ देखि १२ गतेसम्म अर्को आधारभूत तालिम आयोजना गरियो। उक्त तालिम निकुञ्जको नागार्जुन सेक्टर एवं अर्को महत्त्वपूर्ण सुन्दरीजल सेक्टरमा गरिएको थियो जहाँ करिब ३० जना मध्यवर्ती क्षेत्रका युवाहरूको सहभागिता थियो। नयाँ युवाहरूको आगमनले नेचर गाइड एसोसिएशनमा थप जाँगर र जोश भरेको थियो। प्रकृति संरक्षणमा अब नेचर गाइड एसोसिएशनसँगै महत्त्वपूर्ण अर्को शक्ति मध्यवर्ती उपभोक्ता समिति पनि भयो। कानूनतः शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको निर्देशिका 'मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०७२', जुन २०७३ माघ १२ गते मन्त्रीस्तरीय निर्णयबाट लागू गरिएको थियो, अनुसार नेचर गाइड एसोसिएशन सम्बन्धित उपभोक्ता समितिको उपसमितिको रूपमा रहने व्यवस्था भयो र निकुञ्ज कार्यालयमा विधिवत रूपमा दर्ता पनि गरियो। अझ नेपाल सरकारले वि.स. २०७५ असोज २६ गते राजपत्रमा प्रकाशित गरेअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको हकमा तालिम प्राप्त नेचर गाइडले निकुञ्जभित्र गाइड सेवा उपलब्ध गराए वापत तिर्नुपर्ने राजश्व शुल्क निर्धारण गरे पश्चात नेचर गाइड एसोसिएशनले थप कानूनी वैधता पायो, जुन नेचर गाइड एसोसिएशनको लागि आफ्नो कार्यमा अघि बढ्न थप प्रेरणाको स्रोत भयो।

आफ्ना कार्यका दायराहरूलाई थप फराकिलो एवं प्रभावकारी बनाउन निकुञ्जभित्र चलिआएका पर्यटकीय पथहरूका साथ-साथै अन्य पृथक पथहरू पनि पहिचान गरी थप पर्या-पर्यटन अभिबृद्धि गर्नेतर्फ नेचर गाइड एसोसिएशनले कार्यहरू गर्दै गयो। यस राष्ट्रिय निकुञ्ज एक महत्त्वपूर्ण चरा अवोलकन क्षेत्र पनि हो जहाँ करिब ३११ प्रजातिका चरा पाइन्छन र जसमध्य ११२ प्रजातिका चराहरू बसाइसराइ गर्दछन। त्यसैले चराहरू सम्बन्धी जानकारी सङ्कलन गर्न प्रत्यक हप्ता Bird of the week मार्फत एउटा नयाँ चराको बारेमा जान्थ्यौं। त्यस्तै प्रत्येक हप्ता नेपाल पन्छी संरक्षण संघले काठमाण्डौका विभिन्न स्थानहरूमा चरा अवलोकन कार्यक्रम आयोजना गर्दा एसोसिएशनको तर्फबाट नेचर गाइडहरू पनि सहभागी हुन्थे, जसलेगर्दा चरा सम्बन्धी जानकारी प्राप्तिमा धेरै सहयोग हुन्थ्यो। निकुञ्ज प्रचुर जैविक विविधता भएको क्षेत्र हो र यसबारे जानकारी हासिल गर्न आधारभूत तालिम मात्र प्रयाप्त थिएन। अतः नेचर गाइड एसोसिएशनले थप एड्भान्स तालिमको लागि BCN लाई आग्रह गऱ्यौं। फलत BCN द्वारा हालै मिति २०७५ पौष ११ देखि १३ गतेसम्म नेचर गाइडहरूलाई ३ दिने रिफ्रेसर एड्भान्स तालिम प्रदान गऱ्यो, जसका लागि एसोसिएशन BCN प्रति हार्दिक आभार प्रकट गर्दछ र भविष्यमा पनि थप सहयोगको अपेक्षा गर्दछ। तालिमको क्रममा एसोसिएशनमा निकुञ्ज कार्यालयका नयाँ प्रमुख संरक्षण अधिकृत दिल बहादुर पुर्जा पुन मगरलाई पनि निम्ताएका थियौं र वहाँले पनि नेचर गाइडहरूको बृद्धि विकासका लागि निकुञ्ज कार्यालयबाट हुनसक्ने सहयोग गर्ने कुरा बताउनुभयो जुन एकदमै महत्त्वपूर्ण छ। निकुञ्जमा गुणात्मक पर्या-पर्यटन अभिबृद्धिका लागि नेचर गाइड एसोसिएशनद्वारा छुट्टै ब्रोसर (Brochure) पनि तयार पारेको छ, जसमा निकुञ्जको महत्त्वको बारेमा अनि एसोसिएशनको उद्देश्य र आवश्यकताहरू अनि यसबाट पर्यटकहरूलाई प्रदान गर्ने सुविधाहरूका साथसाथै पर्यटकहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा सबै जानकारीहरू समेटिएका छन। साथमा पर्यटकहरूले घुम्नुपर्ने अन्य थुप्रै गन्तव्यहरूको बारेमा पनि उल्लेख गरिएको छ।

त्यति मात्र होइन एसोसिएशनले 'स्वस्थ रहौं, हाइक गरौं' (Be healthy, Hike eco-friendly) भन्ने मूलनाराका साथ निकुञ्ज घुम्न आउने पर्यकटहरूलाई Hiking Food Package को पनि व्यवस्था गरेको छ। हाइकिङको क्रममा विशेषगरी नेपाली पर्यटकहरूले जङ्क फूड जस्तै चाउचाउ, कुरकुरे आदि खाने गर्छन जसले गर्दा पर्यटकको स्वास्थ्यलाई नराम्रो असर गर्दछ। त्यसकारण Hiking Food Package को व्यवस्थाले हाइकिङ गर्दा प्रयोग गर्ने खानाको व्यवहारलाई परिवर्तन गर्ने मात्र नभई प्रत्येक व्यक्तिलाई स्वास्थ्य पनि बनाउँछ। एसोसिएशनले आफ्नो सेवा बिस्तारका लागि भावी दिनहरूमा पर्यटकहरूका लागि निकुञ्जमा जीप सफारी, साइक्लिङ लगायत अन्य गुणात्मक सेवाहरू







बिस्तार गर्ने योजना अघि सारेको छ जसबाट निश्चय नै निकुञ्जमा गुणात्मक पर्या-पर्यटन अभिबृद्धि हुनेमा एशोसिएशन विश्वस्त छ। निकुञ्जमा गुणात्मक पर्या-पर्यटन अभिबृद्धिले एकातर्फ नेपाल सरकारको राजस्वमा बृद्धि हुन्छ भने अर्कोतर्फ मध्यवर्ती क्षेत्रमा आउने रकममा पनि बृद्धि हुन्छ जसले गर्दा स्थानीय जनताहरूको सामुदायिक विकासमा ठूलो टेवा पुग्छ। यसले एकातर्फ नेचर गाइडहरूको आयआर्जनको दर पनि बढाउँछ भने अर्कोतर्फ थप नेचर गाइडहरूको आवश्यकता पनि पूर्ति गर्छ, अर्थात रोजगारीको मात्रा बढाँउछ। अर्को महत्त्वपूर्ण पाटो भनेको वैदेशिक रोजगारीको दरलाई घटाउन पनि मद्दत गर्दछ। हाल हाम्रो देशका अधिकांश युवाहरू वैदेशिक रोजगारीमा जान्छन र देशको अर्थतन्त्र उनीहरूले पठाएको रेमिट्यान्समा निर्भर छ। नेचर गाइड एसोसिएशनमा आबद्ध युवाहरूले महिनामा औसत १५ हजारदेखि २५ हजारसम्म आर्जन गर्छन्। यदि कुनै युवाले आफ्नै स्थानीय स्तरमा स्थानीय स्रोत साधनको प्रयोग गरी महिनामा १५/२० हजार आर्जन गर्नु र त्यसका लागि विदेशमा जान नपर्नु स्वम् युवाको लागि मात्र होइन, समग्र देशको लागि ठूलो उपलब्धी हो। त्यसकारण नेचर गाइड एसोसिएशनले समग्र देशको अर्थतन्त्रमा ठूलो भूमिका खेल्न सक्दछ। साथमा नेचर गाइडहरूले निकुञ्जको जैविक विविधता तथा अन्य धार्मिक र साँस्कृतिक महत्त्वको बारेमा निकुञ्ज घुम्न आउने स्वदेशी विदेशी पर्यटकहरूलाई जानकारी उपलब्ध गराएर निकुञ्जको चिनारी गराउन सक्छन।

यस निकुञ्जमा आउने पर्यटकहरूले प्लास्टिकजन्य सामग्रीहरू प्रयोग गरी फ्याँक्ने प्रवृतिले गर्दा बिग्रदै गएको अवस्थालाई मध्येनजर गरी नेचर गाइड एसोसिएशनको पहलमा निकुञ्ज प्रशासन, सुरक्षाकर्मी, मध्यवर्ती उपभोक्ता समिति र नेचर गाइडहरूको संयुक्त छलफल मिति २०७५ साल पौष ६ गते नागार्जुन सेक्टरमा आयोजना गरियो र सो छलफलबाट हालका लागि नागार्जुन क्षेत्रमा पोलोथिन ब्यागमुक्त बनाउने कार्यको थालनी गर्ने र शीघ्र निकुञ्जमा प्रवेशद्वारहरूबाट यस कार्यको थालनी गरी भविष्यमा चाँडै समग्र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई प्लाष्टिकमुक्त क्षेत्र बनाउने निर्णय भयो र पौष २१ बाट सोकार्य कार्यान्वयनमा आयो। यस कार्यबाट समग्र निकुञ्ज त प्लाष्टिक मुक्त हुनेनै छ, जसको प्रभावबाट बिस्तारै मध्यवर्ती क्षेत्र पनि प्लाष्टिक मुक्त हुनेछ, जसले गर्दा निकुञ्जको दीर्घकालीन संरक्षणमा टेवा पुग्दछ। साथमा निकुञ्ज घुम्न आउने पर्यटकहरूको फोहर गर्ने र प्लाष्टिक प्रयोग गर्ने व्यवहारमा परिवर्तन आउँनेछ र पर्यटकहरू जुनसुकै ठाउँमा जाँदा पनि यस्तो व्यवहार अवलम्वन गर्नेछन, जसले उनीहरूलाई सभ्य नागरिक बन्न सहयोग गर्नेछ। तसर्थ समग्रमा नेचर गाइड एसोसिएशनको भूमिका यस शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको संरक्षण तथा यस क्षेत्रको आर्थिक सुधारका लागि महत्त्वपूर्ण तथा उल्लेखनीय रहेको छ।

# चरा मानव र पर्यटन सँगसँगै



*ऊ एक चरा*
*जसले स्वतन्त्र प्रेमीको गीत गाउँछ*
*समस्त प्राणीहरूले सुन्ने गरी*
*भन्दछ उसले हे मानव!*
*मेरो कुनै जात छैन*
*न त कुनै देश र धर्म*
*न त कुनै शत्रु र मित्र*
*यो भिन्नता भरिपूर्ण संसारमा*
*अँगाल्न चाहन्छु समस्त मानव जातिलाई*
*जोड्न चाहन्छु मैले*
*सङ्गिन मित्रताको धागोमा॥२॥*

*ऊ एक चरा*
*त्यही सानो गुँडमा रमाउँछ*
*ऊ एक प्रकृतिप्रेमी चरा भएर पनि*
*पिँजडाभित्र बसेर*
*मिठो गीत गाउन मानेको छ*
*एकदिन भन्छ उसले*
*हे मानव!*
*मेरो बिन्ती छ*
*मेरो सुत्केरी र बचेरालाई*
*ल्यायो घाममा सेकाउन देऊ*
*म, मेरी चरी र बचेरा सहित*
*सिमसार र खोलि किनारमा घुम्न पाउँ*
*हिमाल र पहाडको भीरपाखामा रम्न पाउँ॥२॥*

*भन्छ उसले हे मानव!*
*बरु यही मेरो चिरबिरले*
*देशको आयस्रोत बढाऊ*
*बरु म डाँफे र मयुरको नाच देखाउनेछु*
*कोइलीको स्वरमा*
*नेपाली भूमिमा बसी*
*काफल पाक्यो गीत गाउँनेछु*
*भन्छ उसले मलाई*

*हे मानव!*
*म शान्तिको प्रतिक भई*
*गगनमा उड्न चाहन्छु*
*गगनमा उड्न चाहन्छु*
*म काग बनुलाँ*
*तर पर्यटक तान्नलाई*
*शुभ समाचार ल्याउँछु*
*हे मानव*
*बरु हाम्रो स्वतन्त्रताको*
*गुँड र बथानहरु नियाल्न*
*सुगाको जस्तो सामूहिक यात्रा गरी*
*मुनालको जस्तो रङ्गिन सौन्दर्यमा रमाउन*
*हिमाल र पहाडका कन्दराहरूमा*
*सिरसिर हावा कलकल बग्ने पानीको बहावमा*
*अतिथिको रूपमा पर्यटक बनी आऊ*
*सत्कार र सम्मान गर्नेछु*
*म सम्पूर्ण मानवजातिलाई*
*एक अतिथिको रूपमा लिनेछु*
*किनकि म निस्फिक्री*
*स्वतन्त्रप्रेमी चरा हूँ॥२॥*

**रामकृष्ण भण्डारी**
कक्षा: १०
सैनिक आवासीय महाविद्यालय,
पोखरा



# समाचार संक्षेप

## नेपाल पन्छी संरक्षण संघको ३५औँ वार्षिक साधारण सभा सम्पन्न

नेपाल पन्छी संरक्षण संघको ३५औँ वार्षिक साधारण सभा माघ २० २०७४ मा सम्पन्न भएका थियो। कार्यक्रमको प्रमुख अथिति नेपाल पन्छी संरक्षण संघका संस्थापक अध्यक्ष हरिसरण नेपाली 'काजी' को सभापतित्य यस संस्थाका कार्य समितिका अध्यक्ष युवराज बस्नेतले गर्नु भएको थियो।

प्रत्येक वर्ष नयाँ चरा पत्ता लगाउने व्यक्तिहरूलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै यो वर्ष Steppe Grey Shrike पत्ता लगाउनु भएका सन्देश गुरुङ र धिरज चौधरी र Sooty Tern पत्ता लगाउनु भएका अनिश तिमिल्सिना र दीक बहादुर मगरलाई सम्मान स्वरूप सम्मान पत्र हस्तान्तरण गरियो। नेपाल पन्छी संरक्षण संघले चरा र यसको वासस्थान संरक्षणमा स्थानीय संरक्षण संस्थाको ठूलो भूमिकाको कदर गर्दै, उदाहरणीय काम गर्ने दुई स्थानीय संरक्षण साझेदार संस्थाहरूलाई यहि वर्षदेखि सम्मान गर्ने कार्यक्रमको थालनी गर्दै (NBCN GRANT) को सुरुवात गर्यो। सो सम्मान प्राप्त गर्ने पोखरा पन्छी समाज, पोखरा कास्की र जटायु रेस्टुरेन्ट व्यवस्थापन समिति गैँडाताल रुपन्देहीलाई जनही रु एक लाख हस्तान्तरण गरिएको थियो। साथै वन्यजन्तु र यसको वास्थान संरक्षणमा ठूलो योगदान दिनुभएका डीबी चौधरीलाई BirdLife's Nature Heroes बाट सम्मान गरिएको थियो।

कार्यक्रमको दोस्रो तथा बन्द सत्रमा संघका महासचिव राजेन्द्र गुरुङले संघको वार्षिक गतिविधिबारे जानकारी गराउनु भएको थियो। साथै संघका कोषाध्यक्ष अशोक बहादुर मल्लले संघको सन् २०१६ र २०१७ भरि भएको आर्थिक कारोबारको जानकारी गराउनु भएको थियो। हरेक तीन वर्षको अन्तरालमा संघले चुनावबाट नयाँ कार्यसमिति चयन गर्ने गरेको छ र चुनाव अधिकृतले निम्न व्यक्तिहरू नेपाल पन्छी संरक्षण संघको कार्यसमिति पदाधिकारी र सदस्यहरूको रूपमा चयन भएको घोषणा गर्नु भयो।

| | |
|---|---|
| अध्यक्ष | राजेन्द्र गुरुङ |
| निवर्तमान अध्यक्ष | युवराज बस्नेत |
| उपाध्यक्ष | प्रा. करण बहादुर शाह |
| महासचिव | विमल थापा |
| सहसचिव | सरिता ज्ञवाली |
| कोषाध्यक्ष | अशोक बहादुर मल्ल |
| सदस्यहरू | राज कुमार राई , डा. प्रेम बहादुर बुढा, उमंग जंग थापा, रमेश चौधरी , सबिना कोइराला र सुदर्शन कार्की |

## विश्वमै पहिलो पटक दुर्लभ डङ्गर गिद्ध प्राकृतिक वासस्थानमा पुनर्स्थापित

प्रकृतिबाट गिद्ध लोप हुनबाट बचाउने उद्देश्य अनुसार चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गिद्ध संरक्षण तथा प्रजनन् केन्दमा हुर्काइएका र त्यहाँ जन्मिएका गिद्धलाई सुरक्षित प्राकृतिक वातावरणमा पुर्नस्थापना गराउने लक्ष्य अनुसार गतवर्ष ६ र यस वर्ष १२ वटा विश्वमै दुर्लभ डङ्गर गिद्धलाई प्राकृतिक वासस्थानमा छाडिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध पुर्नस्थापना कार्ययोजना २०१६-२०१६ अनुसार यो कार्यलाई अघि बढाइएको हो। प्रजनन् केन्द्रमा हुर्काइएका गिद्धहरूलाई सफलतापूर्वक प्राकृतिक वासस्थानमा पुनर्वास गराई तिनीहरूको नियमित अनुगमन गर्नेगरी गत २०७४ को वैशाखमा पहिलो चरणमा ६ वटा पोथी गिद्धहरूलाई प्रजनन् केन्द्रबाट नमूना सामुदायिक वनमा रहेको जटायु रेष्टुरेन्ट क्षेत्रमा स्थापना गरिएको रिलीज एभिएरीमा सारिएको थियो। त्यसयता करीब सात महिनासम्म ती गिद्धहरूलाई प्राकृतिक वातावरण र त्यहाँ रहेका गिद्धहरूसँग घुलमिल गराई २०७४ को मंसिर महिनामा पूर्णरूपमा प्रकृतिमा छाडिएको हो। त्यसैगरी दोस्रो चरणमा २०७५ वैशाखमा प्रजनन् केन्द्रबाट रिलीज एभिएरीमा सारिएका १२ गिद्ध पाँच महिनापछी असोज १ का दिन प्रकृतिमा छाडिएको हो। दोस्रो चरणमा छाड्न लागिएका १२ गिद्धमध्ये ७ गिद्ध प्रजनन् केन्द्रमा जन्मिएका हुन् र प्रकृतिमा छाडिएको विश्वमै पहिलो पटक हो। यी गिद्धको नियमित अनुगमन सहजताका लागि ढाडमा स्याटेलाइट ट्र्याग जडान गरिएको छ भने यी गिद्ध र जङ्गली गिद्धबिचको अन्तरक्रिया तथा तुलनात्मक अध्ययनका लागि जङ्गली गिद्धमा पनि स्याटेलाइट ट्र्याग लगाई छाडिएको छ। स्याटेलाइट ट्र्याग जडान गरिएका जङ्गली गिद्धको हालसम्मको अनुगमनमा मुलत नेपालको करीव २० जिल्लाको २४ हजार वर्ग कि.मि. क्षेत्रमा विचरण गरेको देखिन्छ भने अपवाद स्वरूप एउटा स्याटेलाइट ट्र्याग जडान गरिएको जङ्गली गिद्ध कावासोतीको पिठौलीबाट करीव ११ सय कि.मि. टाढा पश्चिम-उत्तरतर्फ भारत र पाकिस्तानको सिमा जम्मु काश्मीर क्षेत्रसम्म पुगेको छ।

उक्त गिद्ध छाड्ने कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काको विशेष उपस्थितिमा रिलीज एभिएरीको ढोका खोलिएको थियो। यस कार्यक्रममा विभागका उपमहानिर्देशक गोपाल प्रकाश भट्टराई, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेद कुमार ढकाल, जिल्ला समन्वय समिति, नवलपुरका अध्यक्ष चेसराम आले, राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशक दिपक कुमार सिंह, नेपाल पन्छी संरक्षण संघका अध्यक्ष राजेन्द्र गुरुङ, प्रमुख कार्यकारी अधिकृत इशाना थापा, जेडएसएल नेपालका वरिष्ठ कार्यक्रम अधिकृत भोगेन्द्र रायमाझी, कावासोती नगरपालिकाका मेयर चन्द्रा कुमारी पुन, सेभ कार्यक्रमका म्यानेजर क्रिश वाउडेन, जटायु रेष्टुरेन्ट व्यवस्थापन समितिका संयोजक डीबी चौधरी, लामिचौर मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष वासुदेव पौडेल, नमूना सामुदायिक वनका अध्यक्ष खिल बहादुर गुरुङ, मध्यवर्ती क्षेत्रका स्थानीय समुदाय र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति थियो।

## थप सात जिल्ला सहित ६८ जिल्ला पशु उपचार मा डाइक्लोफेनेक मुक्त घोषणा।

गत एक वर्षको अवधिमा थप सात जिल्लाहरू सिराहा, सिन्धुली, दोलखा, ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ र भोजपुरलाइ सम्बन्धित जिल्लाका जिल्ला पशु सेवा कार्यालयको अगुवाइमा जिल्लास्तरीय सरोकारवाला निकायहरूको





समन्वयमा गिद्ध संरक्षणका लागि पशु उपचारमा प्रयोग गरिने डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरिएसँगै ६८ जिल्ला पशु उपचारमा डाइक्लोफेनेक मुक्त बनाइएका छन। नेपाल पन्छी संरक्षण संघले ती जिल्लाहरूमा रहेका भेटेरिनरी पसलहरूमा डाइक्लोफेनेक लगायतका अन्य एनएसएआईडीहरूको अनुगमन, सचेतना अभियान र वकालतमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गर्नुको मुख्य कारण पशु उपचारमा प्रयोग गरिने डाइक्लोफेनेक औषधिको गैरकानूनी प्रयोगमा रोकथाम गरी गिद्ध सुरक्षित क्षेत्र बनाई विश्वबाटै लोपोन्मुख अवस्थामा पुगेका गिद्धहरूको संरक्षण गर्नु हो। यी कार्यक्रमहरूमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला पशु सेवा कार्यलय, जिल्ला वन कार्यालय, जिल्ला जन स्वास्थ्य कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, महिला तथा बालबालिका कार्यालय, स्थानीय सरकार, सरोकारवाला निकायका प्रतिनिधि, सुरक्षा निकाय सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधि, नेपाल पारा भेटेरिनरी एण्ड लाइभस्टक एसोसिएशनका प्रतिनिधि, जिल्ला पशुसेवा कार्यालय प्राविधिक तथा कर्मचारी, भेटेरिनरी पसलका प्रोपराइटर, पत्रकार, स्थानीय संघ संस्थाका प्रतिनिधि र सामाजिक कार्यकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित सरोकारवाला निकायका प्रतिनिधिहरूले पशु उपचारमा अवैधानिक प्रयोग गरिने डाइक्लोफेनेकको नियमित अनुगमन गर्ने र गिद्ध संरक्षणमा आ-आफ्नो निकायबाट सहयोग गर्ने प्रतिबद्धता जाहेर समेत गर्नुभएको छ।

## रेसुङ्गा क्षेत्रमा अनुगमन कार्य सम्पन्न

नेपाल पन्छी संरक्षण संघद्वारा गुल्मीको रेसुङ्गा वन क्षेत्रमा सन् २०१५ देखि सञ्चालित 'जीविकोपार्जन तथा संरक्षण समायोजन' कार्यक्रमको अनुगमन कार्य सम्पन्न भएको छ। यही मिति २०७४ साल फाल्गुन २७ र २८ गते Dansk Ornitologisk Forening (DOF) बाट आउनुभएका कार्यक्रम संयोजक शार्लोट माथिएसन र विभाग प्रमुख मार्क डेसहोल्मले नेपाल पन्छी संरक्षण संघले सञ्चालन गरेका विभिन्न कार्यहरूको अनुगमन गर्नुभएको थियो। अनुगमनको सिलसिलमा पराल्मीमा रहेको महिला समूहका प्रगति, बलिथुममा भएका सामुदयिक वन उपोभोक्त समूहले संरक्षण र आयआर्जनमा गरेका उपलब्धी साथै युवा क्लबहरूका पदाधिकारीहरूले सम्पन्न गरेका संरक्षण र जनचेतनामूलक कार्यहरूको प्रस्तुती भएको थियो।

## रेसुङ्गामा स्थानीय समुदाय तथा मिडियाकर्मीलाई पत्रकारिता तालिम

वरिष्ठ वातावरण पत्रकार अब्दुल्हा मियाद्वारा मिति २०७४ चैत्र ३ देखि ७ सम्म गुल्मी जिल्लाका स्थानीय पत्रकारहरूका लागि वातावरणसँग सम्बन्धित पत्रकारिता तालिम प्रदान गरियो। विभिन्न स्थानीय पत्रिका, एफएम रेडियो, अनलाइन मिडियासँग आबद्ध सन्चारकर्मीहरूसँग यथार्थपरक समाचारलाई आकर्षक रूपमा प्रस्तुत गर्ने विषयमा ज्ञानको आदानप्रदान भएको थियो।त्यसैगरी रेसुङ्गा क्षेत्रमा अवस्थित पराल्मी र बलिथुमका स्थानीय समुदायहरूलाई पनि आफूले गरेका असल कार्यहरूलाई कसरी आम जनसमुदाय माझ पुऱ्याउन सकिन्छ भन्ने विषयमा जानकारी प्रदान गरिएको थियो। यस्ता किसिमका समाचारहरूले अन्य क्षेत्रमा रहेका व्यक्तिहरूलाई हौसला प्रदान गर्नेगर्दछ।

## रेसुङ्गा संरक्षण महोत्सवको आयोजना

श्री नव जनविकास युवा परिवार गुल्मीदरबार-१ बलिथुम, थाक्सीपोखरा, गुल्मी र नेपाल पन्छी संरक्षण संघद्वारा आयोजित रेसुङ्गा संरक्षण महोत्सव यही मिति २०७४ चैत्र ०६ गते आयोजना गऱ्यो। महोत्सव नेपाल सरकार, प्रदेश नं. ५ का सामाजिक विकासमन्त्री, माननीय श्री सुदर्शन बराल मगरबाट उद्घाटन भएको थियो। चरा तथा जैविक विविधता महत्त्वपूण क्षेत्र संरक्षणमा हातेमालो भन्ने मूलनाराका साथै विभिन साँस्कृतिक पहिचान सहित संरक्षणमा एक जुट हुनुपर्छ भन्ने महोत्सवको उद्देश्य थियो। महोत्सवमा वन तथा जैविक विविधता संरक्षणकालागि जनचेतनामूलक कार्यक्रमका साथै क्लबद्वारा साँस्कृतिक कार्यक्रम पनि गरिएको थियो।

## Saving Asia's Vulture from Extinction को आठौँ वार्षिक बैठक काठमाण्डौमा सम्पन्न

एसियामा लोपोन्मुख गिद्ध संरक्षणको कार्यक्रमलाई क्षेत्रीय र राष्ट्रिय स्तरबाट मात्र संरक्षण नगरी अन्तरदेशीय साझेदारीमा संरक्षण अभियान चलाउले उद्देश्यले स्थापित एसियाली गिद्ध लोप हुनबाट बचाऊ–सेभ (Saving Asia's Vulture from Extinction-SAVE) भन्ने साझा मञ्चको आठौँ वार्षिक बैठक २०७५ मङ्सिर १३ र १४ मा काठमाण्डौमा सम्पन्न भएको छ। उक्त आठौँ बैठकको अध्यक्षता सेभका अध्यक्ष डेभिड हउसटनले गरेका थिए भने प्रमुख अतिथि वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओली हुनुहुन्थ्यो। नेपाल पन्छी संरक्षण संघको प्रमुख कार्यकारी अधिकृत इशाना थापाको स्वागत मन्तव्यबाट अघि बढेको उक्त बैठकमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, म्यानमार, कम्बोडिया र बेलायतका करीब ५५ जनाको सहभागिता थियो। यस बैठकबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सेभको सरकारी साझेदार सदस्य बनेको छ। उक्त कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खडकाले सेभले गिद्ध संरक्षणमा पुऱ्याएको भुमिकाको चर्चा गर्दै आगामी दिनमा पनि यस कार्यक्रममको निरन्तरताको अपेक्षा राख्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सदैव अग्रसर रहेको कुरा बताउनु भयो। प्रमुख अतिथि वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीले बैठक सफलताको शुभकामना दिँदै गिद्ध संरक्षणमा ठोस तथा महत्त्वपूर्ण कार्यक्रम निर्धारण हुने विश्वास व्यक्त गर्नुभयो। नेपालमा नेपाल पन्छी संरक्षण संघका र राष्ट्रिय प्रकृति संरक्षण कोष सेभका प्रमुख साझेदार सदस्य हुन। समुदायमा आधारित गिद्ध संरक्षण कार्यक्रमको माध्यमले नेपालले लोपोन्मुख गिद्ध संरक्षणमा हासिल गरेको सफलता, नेपालबाटै थालनी गरिएको गिद्ध सुरक्षित क्षेत्रको विकास र प्रजनून केन्द्रमा हुर्काइएका गिद्धहरूलाई प्राकृतिक वासस्थानमा पुनर्वास कार्यको प्रगति र समिक्षा सम्बन्धमा गिद्ध संरक्षण कार्यक्रम अधिकृत कृष्ण भुसालले प्रस्तुती राख्नुभएको थियो। आठौँ बैठकले गिद्ध संरक्षणमा भए गरेका प्रगति र भोगिएका समस्या तथा चुनौतीको समिक्षा गर्दै गिद्ध संरक्षणमा अन्तरदेशीय साझेदारीको मजबुतीकरण गर्दै साझा अभियानलाई थप सशक्त बनाउने निर्णय गरेको छ।

## माघीको अवसरमा जनचेतनामूलक स्टल

नेपाल पन्छी संरक्षण संघको आर्थिक सहयोग तथा बर्दिया प्रकृति संरक्षण क्लब





ठाकुरद्वारा द्वारा आयोजित माघी मेलामा जनचेतनामूलक स्टलमा तीनदिने जनचेतनामूलक सन्देश प्रवाह गरियो। २०७४ माघ १ देखि ३ गते सम्म उक्त कार्यक्रम सञ्चालन गरिएको थियो। थारु बाहुल्यता रहेको यस क्षेत्रमा माघी पर्व विशेषगरी थारु जातिहरूका महान चाडको रूपमा मनाइने गरिन्छ र यसैलाई लक्षित गरी बर्दियाको ठाकुरद्वारामा हरेक वर्ष माघ १ देखि ३ सम्म ठूलो मेला लाग्ने गर्छ। उक्त मेलामा बर्दिया राष्ट्रिय निकुञ्जभित्रका मध्यवर्ती क्षेत्रका मानिसहरू लगाएत बाँके, कैलाली र कन्चनपुरबाट पनि आउने भएकाले स्टलमा पन्छी लगाएत वन्यजन्तुबारेमा पनि चेतनामूलक सूचनाका साथै विभिन्न चेतनामूलक पोस्टर, पम्पलेट, किताब तथा बिक्रीजन्य सामग्रीहरू राखिएको थियो। उक्त स्टलमा २५०० जनाले अवलोकन गरी पन्छी तथा वन्यजन्तुका बारेमा जानकारी हासिल गरेका थिए। साथै स्टलमा बर्दिया प्रकृति संरक्षण क्लबले रु. ५५०० बराबरको सामग्रीहरू पनि बेचेका थिए।

## गिद्ध सुरक्षित क्षेत्रमा पर्या-पर्यटन प्रवर्द्धनको लागि युवाहरूलाई नेचर गाइड तालिम

समुदायमा आधारित भएर निर्माण गरिएको गिद्ध सुरक्षित क्षेत्रमा अवस्थित जटायु रेष्टुरेन्ट गिद्ध संरक्षणका साथसाथै पर्या-पर्यटन प्रवर्द्धनको लागि प्रवल सम्भावना बोकेका क्षेत्र हुन्। विश्वमै दुर्लभ चार प्रजातिका गिद्ध एकै ठाउँमा देख्न सकिने यस्ता स्थान संसारमा विरलै छन। यहि कुरालाई मध्यनजर गर्दै गिद्ध सुरक्षित क्षेत्रमा पर्या-पर्यटन प्रवर्द्धनको लागि युवाहरूलाई तीनदिने नेचर गाइड तालिम प्रदान गरिएको छ। नवलपरासीको कावासोतीमा अवस्थित जटायु रेष्टुरेन्टमा सञ्चालित उक्त तालिममा नवलपरासी, रूपन्देहीको गैंडाताल र लुम्बिनी क्षेत्र र कपिलवस्तुको जगदीशपुरका युवाहरूको सहभागिता थियो। तालिममा प्रशिक्षकहरू चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत विनय मिश्र, लामिचौर मध्यवर्ती सामुदायिक वन समन्वय समितिका अध्यक्ष वासुदेव पौडेल, जटायु रेष्टुरेन्ट कावासोतीका संयोजक तथा संरक्षणकर्मी डीबी चौधरी, नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम अधिकृत कृष्ण भुसाल, जीव विज्ञ अंकित विलाश जोशी र गिद्ध विशेषज्ञ ईश्वरी चौधरीले प्रशिक्षण तथा फिल्ड अभ्यास गराएका थिए। तालिमको प्रमाणपत्र वितरणमा कावासोती नगरपालिका वडा नं. १३ का अध्यक्ष विनोद राना मगरले युवाहरू लक्षित यस प्रकारका तालिमले संरक्षण र दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुर्‍याउने बताउँदै आगामी दिनमा तालिमले प्रदान गरेको सिप व्यवहारमा लागू गर्न सुझाव दिनुभयो।

## बायोग्याँस निर्माण सहयोग

नेपाल पन्छी संरक्षण संघले विपन्न वर्गहरूलाई लक्षित गर्दै बायोग्याँस निर्माणमा पुर्‍याउँदै आएको सहयोग बर्दिया राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रमा हाल आएर १२० पुगेको छ। यसै आर्थिक वर्षमा करेलिया उपभोक्ता समिति रम्मापुरमा विपन्न वर्गका ३० घरधुरीलाई अगाडीका दिनहरूमा जस्तै गरी प्रत्येक घरलाई रु. १०,००० (दश हजार) का दरले बायोग्याँस निर्माणका सामग्रीहरू प्रदान गरी सहयोग गरेको छ। यस बायोग्याँस निर्माणको कार्यक्रम गर्नुको मूल उद्देश्य वनजङ्गल फडानीमा न्यूनीकरण ल्याउनु र समूहलाई पन्छी संरक्षणमा उत्प्रेरित गरी संरक्षणमा टेवा पुर्‍याउनु रहेको छ।

## सदस्यता

श्री चुङ्बा शेर्पा, पर्यटन व्यवसायी र प्रकृति प्रेमी, नेपाल पन्छी संरक्षणमा संरक्षक सदस्यको रूपमा सामेल हुनुभएको छ। श्री शेर्पा हाल खुम्बु रिसोर्टमा संलग्न हुनुहुन्छ र पन्छी र वन्यजन्तु फोटोग्राफीमा उहाँको विशेष रुचि छ।

श्री उमङ्ग जङ्ग थापा, बैंकर, प्रकृतिप्रेमी, पन्छी र वन्यजन्तु फोटोग्राफर संरक्षक सदस्यको  रूपमा नेपाल पन्छी संरक्षणमा सामेल हुनुभएको छ। श्री थापा म्यानेजमेन्ट कन्सल्ट्यान्टका साथै बीसीएनको कार्यकारी सदस्य हुनुहुन्छ।

टेम्पल टाइगर ग्रुप कम्पनीका कार्यकारी अध्यक्ष वसन्त राज मिश्र नेपाल पन्छी संरक्षणमा संरक्षक सदस्यको  रूपमा सामेल हुनुभएको छ। श्री मिश्र हाल टेम्पल टाइगर ग्रीन रिसोर्टमा संलग्न हुनुहुन्छ र हाल नै पर्यटन उद्योगको उत्कृष्ट सेवाको लागि प्रशान्त एसिया ट्रेभल एसोसिएशनद्वारा आजीवन सदस्यताबाट सम्मानित हुनुभएको छ।

साथै निम्न व्यक्तिहरू पनि नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएकोमा यस संघ हार्दिक स्वागत गर्दछ।

| | | |
|---|---|---|
| पूर्ण मान श्रेष्ठ | हरि बस्नेत | समिक्षा कुमारी चौधरी |
| चेतन ओली | विजय राज कार्की | दीपा बस्नेत |
| यादव घिमिरे | सुशील चटौत | भुपेन्द्र  प्रसाद यादव |
| राम राज गुरुङ | यादव गुरुङ | कृपा कुमार गुरुङ |
| राजु आचार्य | प्रशान्त नेपाल | पुस्कल बहादुर बम |
| प्रविक श्रेष्ठ | कुमार खड्का | अलिना चौधरी |
| विशाल घिमिरे | राम चन्द्र कार्की | बुद्धिराम महत्तो |
| गणेश शर्मा | श्याम कुमार तामाङ गोल | केवल प्रसाद चौधरी |
| यम कुमारी गुरुङ | रोमनाथ अर्याल | प्रेमलाल महत्तो |
| अब्दुल्ला मिया | विनोद जोशी | राजु महत्तो |
| भूमिका सिग्देल | वेद कुमार ढकाल | सुधन लम्साल |
| राम चन्द्र कँडेल | अमर राज लिम्बु | सुरज महत्तो |
| उत्सव जङ्ग थापा | अर्जुन कुर्मी | नुतन जङ्ग कार्की |
| गंगा शाह | बिर्ख बहादुर रोकाया | यम बहादुर महत्तो |
| अनु राम चौधरी | रश्मी कुँवर | डा. प्रेम बहादुर बुढा |
| प्रेम प्रसाद खनाल | दिलिप कुमार थापा | संजीव उप्रेती |
| बिष्णु श्रेष्ठ | कपिल खनाल | अर्चना थापा |

*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

rspb giving nature a home

Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL

BirdLife International





# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको बासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।



# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धात रहेको छ। यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तराष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ३७ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका संस्थापक अध्यक्ष, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौं।

**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

© २०७५ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।